# नेपाल लेखापरीक्षण सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०७७

**नेपाल राजपत्रमा प्रकाशित मिति**

२०७७।०९।०६

निजामती सेवा ऐन, २०४९ को दफा ७५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "नेपाल लेखापरीक्षण सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०७७" रहेको छ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन्।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरुमा,-

(क) "ऐन" भन्नाले निजामती सेवा ऐन, २०४९ सम्झनु पर्छ।

(ख) "कर्मचारी" भन्नाले सेवाको कर्मचारी सम्झनु पर्छ।

(ग) "सेवा" भन्नाले ऐनको दफा ३ को खण्ड (ङ१) बमोजिमको नेपाल लेखापरीक्षण सेवा सम्झनु पर्छ।

३. **सेवाको गठनः** ऐनको दफा ३ को खण्ड (ङ१) बमोजिम नेपाल लेखापरीक्षण सेवा गठन गरिएको छ।

४. **सेवामा रहने श्रेणी र पदः** (१) सेवामा कामको प्रकृति, सो काम सम्पादन गर्न चाहिने न्यूनतम शैक्षिक योग्यता र कार्य विशिष्टता समेतको आधारमा सेवा भित्रको समान प्रकृतिका पदहरू समावेश भएको अनुसूची-१ बमोजिमका पदहरू रहने छन्:-

(२) सेवामा देहायका श्रेणीहरु रहने छन्ः-

(क) राजपत्राङ्कितः

(१) विशिष्ट श्रेणी,

(२) प्रथम श्रेणी,

(३) द्वितीय श्रेणी,

(४) तृतीय श्रेणी।

(ख) राजपत्र अनङ्कितः

(१) प्रथम श्रेणी,

(२) द्वितीय श्रेणी,

(३) पाँचौं श्रेणी वा श्रेणी विहीन।

५. **कार्य विवरण** (१) महालेखापरीक्षकको कार्यालयले प्रत्येक पदको लागि ऐनले निर्धारण गरे बमोजिमको ढाँचामा कार्य विवरण बनाउनु पर्नेछ र त्यस्तो कार्य विवरणमा सम्बन्धित पदको काम, कर्तव्य, अधिकार र उत्तरदायित्व समेत उल्लेख गर्नु पर्नेछ।

(२) देहायका श्रेणीका पदको कार्य विवरण देहायको पदाधिकारीले स्वीकृत गर्नेछः-

(क) राजपत्राङ्कित विशिष्ट श्रेणी - महालेखापरीक्षक

(ख) राजपत्राङ्कित प्रथम श्रेणी - उपमहालेखापरीक्षक

(ग) राजपत्राङ्कित द्वितीय र तृतीय श्रेणी, - नायब महालेखापरीक्षक

(घ) राजपत्र अनङ्कित सबै श्रेणी - नायब महालेखापरीक्षक

६. **रिक्त पदको पूर्तिः** सेवाका रिक्त पदको पूर्ति ऐनको दफा ७ को उपदफा (१) बमोजिम हुनेछ।

७. **नियुक्तिको लागि योग्यताः** (१) सेवाको रिक्त पदमा खुला प्रतियोगिताद्वारा पूर्ति गर्दा ऐनको दफा १० बमोजिम अयोग्य नभएको र अनुसूची-२ बमोजिम न्यूनतम योग्यता पुगेको व्यक्ति उम्मेदवार हुन सक्नेछ।

(२) सेवाको पदमा बढुवा गर्दा बढुवाको प्रतिशत निर्धारण र अन्य प्रक्रिया ऐनको दफा ७ बमोजिम हुनेछ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संवत् २०६४ साल साउन तेइस गतेभन्दा अघि सेवा प्रवेश गरेका कर्मचारीको हकमा सेवा प्रवेश गर्दाका बखत कायम रहेको जुनसुकै विषयमा न्यूनतम शैक्षिक योग्यता र अतिरिक्त शैक्षिक योग्यता हासिल गरेको भए त्यस्तो न्यूनतम शैक्षिक योग्यता र अतिरिक्त शैक्षिक योग्यता भएको कर्मचारी बढुवाको लागि उम्मेदवार हुन सक्नेछ।

८. **सरुवाः** सेवाको कर्मचारीलाई सरुवा गर्दा सेवाको पदमा मात्र सरुवा गरिनेछ।

९. **विशेषज्ञ पदः** सेवाको विशेषज्ञ पद सम्बन्धमा नेपाल सरकारले लोक सेवा आयोगको परामर्श लिई आवश्यक व्यवस्था गर्न सक्नेछ।

१०. **सेवाको सञ्चालनः** सेवाको सञ्चालन नेपाल सरकार, अर्थ मन्त्रालयले गर्नेछ।

११. **प्रचलित कानून बमोजिम हुनेः** यी नियमहरुमा नपरेको विषयमा निजामती सेवा नियमावली बमोजिम हुनेछ।

१२. **अनुसूचीमा हेरफेरः** नेपाल सरकारले लोक सेवा आयोगको परामर्श लिई नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

**१३. <u>खारेजी र बचाउ</u>:** (१) महालेखापरीक्षकको विभागका कर्मचारीहरू सम्बन्धी नियमावली, २०५० खारेज गरिएको छ।

(२) उपनियम (१) बमोजिम खारेज भएको नियमावली बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

नेपाल कानून आयोग

## अनुसूची-१

(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)

**<u>लेखापरीक्षण सेवाको राजपत्राङ्कित र राजपत्र अनङ्कित श्रेणीका पद</u>**

| श्रेणी | | पद नाम |
|---|---|---|
| राजपत्राङ्कित | विशिष्ट श्रेणी | उप महालेखापरीक्षक |
| | प्रथम श्रेणी | नायब महालेखापरीक्षक |
| | द्वितीय श्रेणी | (क) निर्देशक<br>(ख) निर्देशक (विशेषज्ञ) |
| | तृतीय श्रेणी | लेखापरीक्षण अधिकारी |
| राजपत्र अनङ्कित | प्रथम श्रेणी | लेखापरीक्षण अधिक्षक |
| | द्वितीय श्रेणी | लेखापरीक्षण निरीक्षक |
| | पाँचौं श्रेणी वा श्रेणी विहीन | नेपाल सरकारले तोकेबमोजिम (सवारी चालक/कार्यालय सहयोगी) |

नेपाल कानून आयोग

## ⊛अनुसूची-२

(नियम ७ को उपनियम (१) सँग सम्बन्धित)

सेवा प्रवेशको लागि चाहिने न्यूनतम योग्यता

| क्र.सं. | सेवाको पद | न्यूनतम योग्यता |
|---|---|---|
| १. | राजपत्राङ्कित प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा लेखा वा वित्त विषयसहित स्नातकोत्तर तह उत्तीर्ण वा कुनै विषयमा स्नातकोत्तर तहसहित चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरी ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव प्राप्त गरेको। |
| २. | राजपत्राङ्कित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा लेखा वा वित्त विषयसहित स्नातकोत्तर तह उत्तीर्ण वा कुनै विषयमा स्नातकोत्तर तहसहित चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरी ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव प्राप्त गरेको। |
| ३. | राजपत्राङ्कित द्वितीय श्रेणीको विशेषज्ञ पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, व्यापार प्रशासन वा वाणिज्यशास्त्र विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र मान्यताप्राप्त शिक्षण संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरी कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएको सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय संघ संस्थाको अधिकृतस्तरको पदमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त गरेको। |
| ४. | राजपत्राङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा लेखा वा वित्त विषय सहित स्नातक तह उत्तीर्ण गरेको वा कुनै विषयमा स्नातक तहसहित चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरेको। |

⊛ मिति २०८३।०५।०४ को नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम अनुसूची हेरफेर।

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| ५. | राजपत्र अनङ्कित प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट लेखा वा वित्त विषयसहित कक्षा १२ (१०+२) वा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको। |
| ६. | राजपत्र अनङ्कित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई. मा कम्तीमा जी.पी.ए. दुई प्राप्त गरी उत्तीर्ण वा एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गरेको। |

नेपाल कानून आयोग